
# लेखापरीक्षण प्रतिवेदन

# रिब्दिकोट गाउँपालिका, पाल्पा

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# रिब्दिकोट गाउँपालिका, पाल्पा

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/645

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
रिब्दिकोट गाँउपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
पाल्पा।

## कैफियतसहितको राय

हामीले रिब्दिकोट गाँउपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण , स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी हरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले असर पार्ने बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकिकृत बार्षिक प्रतिबेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समाबेश भएको एकिकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभुत रुपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाँउपालिकाले आर्थिक कार्यप्रणालीको लेखांकन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सूत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको एकीकृत आर्थिक विवरण (म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्नतरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ११ करोड ५१ लाख ८ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.३२ लाख १० हजार, गरिबसँग विश्वेश्वर कार्यक्रमको रु.४ लाख १३ हजार समावेश गरेको छैन

२. गाँउपालिकाको रु. १ अर्ब १२ करोड ४१ लाखको लेखापरीक्षण गरिएकोमा रू.६२ लाख ९३ हजार बेरुजू देखिएको

छ। सो सम्बन्धमा पालिकाले तोकिएबमोजिम फस्र्यौट गरी सम्परीक्षणका लागि पेश गरेको छैन।बाँकी बेरुजु रु. ६२ लाख ९३ हजार मध्ये सो मध्ये असुल गर्नुपर्ने रू.३ लाख १३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४ लाख ९५ हजार, नियमित गर्नुपर्ने ५४ लाख ८५ हजार रहेको छ। गत वर्षसम्म रु. १३ करोड ३० लाख ७५ हजार बेरुजू बाँकी रहेकोमा यस वर्ष रु.१ लाख ३१ हजार सम्परीक्षण गरी हालसम्मको अद्यावधिक बेरुजू रु.१३ करोड ९२ लाख ३७ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने रिब्दिकोट गाँउपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

### अन्य बेहोरा

यो गाँउपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ ।

### वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी रिब्दिकोट गाँउपालिका व्यवस्थापनमा रहेको छ। गाँउ कार्यपालिका, पालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक

निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( नारायण एम.सी. )

नायब महालेखापरीक्षक

## चालु वर्षको बेरुजु

## बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५६ | ११ | ६२,९२,५८६ | ० | ० | ० | ० | ५६ | ११ | ६२,९२,५८६ | ३,१२,७०५ | ५४,८४,९६३ | ४,९४,९१८ | ० | ० | ५९,७९,८८१ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| पाल्पा | १३,३०,७५,००० | ० | १,३०,६०० | १३,२९,४४,४०० | ० | ६२,९२,५८६ | १३,९२,३६,९८६ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९/८० | ५२ | हाजिर भएको अवधिमा भ्रमण भत्ता | ७०,२०० |
| २ | २०७९/८० | ५० | महंगी भत्ता | २८,००० |
| ३ | २०७९/८० | ४६ | प्रोत्साहन | ३२,४०० |
| जम्मा | | | | १,३०,६०० |

# (८०५५०५०७३०० - रिब्दिकोट गाउँपालिका, पाल्पा )

# रिब्दीकोट गाउँपालिका , पाल्पा

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागि ता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।०८।१० देखि २०८१ ।०८।१५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** गाँउपालिकाको आय व्ययको रु. १ अर्ब १२ करोड ४१ लाख ४४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो सम्बन्धि विस्तृत विवरण अनुसूची १ मा संलग्न छ ।

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | |
|---|---|---|---|---|---|
| क्र.स./आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | गत आ.ब. को कारोबार | |
| | | नगद | जम्मा | नगद | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | |
| ११००० | कर | ७,८१,५४,१२९.१४ | ७,८१,५४,१२९.१४ | ७,५४,६६,४९१.७३ | ७,५४,६६,४९१.७३ |
| १३००० | अनुदान | ३४,५७,४१,४११.५० | ३४,५७,४१,४११.५० | ३७,७२,४८,८८६.५२ | ३७,७२,४८,८८६.५२ |
| १४००० | अन्य राजस्व | ९२,१४,३३६.५१ | ९२,१४,३३६.५१ | ५८,६४,८६९.७४ | ५८,६४,८६९.७४ |
| १५००० | विविध प्राप्ति | २,५७,२६०.०० | २,५७,२६०.०० | ० | ० |
| क | कुल जम्मा प्राप्ति | ४३,३३,६७,१३७.१५ | ४३,३३,६७,१३७.१५ | ४५,८५,८०,२४७.९९ | ४५,८५,८०,२४७.९९ |
| ३ | चालु | ३२,५२,४८,७१६.६१ | ३२,५२,४८,७१६.६१ | ३२,७८,००,३४१.३३ | ३२,७८,००,३४१.३३ |
| २१००० | पारिश्रमिक / सुविधा | २४,२६,६७,२०३.८६ | २४,२६,६७,२०३.८६ | २०,३३,८९,०४९.६३ | २०,३३,८९,०४९.६३ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ७,३३,१३,३९८.७५ | ७,३३,१३,३९८.७५ | ११,४२,०८,७०४.७० | ११,४२,०८,७०४.७० |
| २५००० | सहायता (Subsidy) | ५,९५,०००.०० | ५,९५,०००.०० | ७,६७,०००.०० | ७,६७,०००.०० |
| २६००० | अनुदान | १९,५४,१०६.०० | १९,५४,१०६.०० | ० | ० |
| २७००० | सामाजिक सुरक्षा | ५५,११,९७२.०० | ५५,११,९७२.०० | ८५,७९,४०७.०० | ८५,७९,४०७.०० |
| २८००० | अन्य खर्च | १२,०७,०३६.०० | १२,०७,०३६.०० | ८,५६,१८०.०० | ८,५६,१८०.०० |
| ४ | पूंजीगत | १२,२६,१५,६६३.२४ | १२,२६,१५,६६३.२४ | १३,६७,६३,१६३.३९ | १३,६७,६३,१६३.३९ |
| ३१११० | भवन तथा संरचना | ७१,६१,१३३.०० | ७१,६१,१३३.०० | १,०१,३६,८६७.०० | १,०१,३६,८६७.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | १८,९४,०६९.०० | १८,९४,०६९.०० | ५७,४९,४९३.६० | ५७,४९,४९३.६० |
| ३११३० | अन्य पूँजीगत खर्च | १,१८,०९,७४९.०० | १,१८,०९,७४९.०० | २,४६,९२,३५४.०० | २,४६,९२,३५४.०० |
| ३११५० | सार्वजनिक निर्माण | ८,५३,३७,५६९.२४ | ८,५३,३७,५६९.२४ | ९,४३,३६,९७१.७९ | ९,४३,३६,९७१.७९ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | २२,४६,८४१.०० | २२,४६,८४१.०० | ८,५२,४७७.०० | ८,५२,४७७.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | १,४१,६६,३०२.०० | १,४१,६६,३०२.०० | ९,९५,०००.०० | ९,९५,०००.०० |
| ख) | कुल जम्मा भुक्तानी | ४४,७८,६४,३७९.८५ | ४४,७८,६४,३७९.८५ | ४६,४५,६३,५०४.७२ | ४६,४५,६३,५०४.७२ |
| ग) | बचत /कमी (ग = | (१,४४,९७,२४२.७०) | (१,४४,९७,२४२.७०) | (५९,८३,२५६.७३) | (५९,८३,२५६.७३) |

| | | | | | |
|---|---|---|---|---|---|
| | क-ख ) | | | | |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-) | ४१,५५,१५७.७१ | ४१,५५,१५७.७१ | १,३९,५०,५२३.७६ | १,३९,५०,५२३.७६ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | (१,०३,४२,०८४.९९) | (१,०३,४२,०८४.९९) | ७९,६७,२६७.०३ | ७९,६७,२६७.०३ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ८,८८,०१,९४०.९८ | ८,८८,०१,९४०.९८ | ८,०८,३४,६७३.९५ | ८,०८,३४,६७३.९५ |
| छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ७,८४,५९,८५५.९९ | ७,८४,५९,८५५.९९ | ८,८८,०१,९४०.९८ | ८,८८,०१,९४०.९८ |

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा रु. २५,१६४ असुल भई दाखिला प्रमाण पेश भएको छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **लेखापरीक्षण**

यस पालिकाको आर्थिक वर्ष २०८०।८१ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८१, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्धन पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ। लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन्। लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ। सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर व्यवस्थापन पक्षसँग मिति २०८१।०९।२ मा छलफल सम्पन्न भएको छ। छलफल पछि कायम भएका व्यहोरा निम्नानुसार छन्।

३ **वित्तीय विवरण परीक्षण**

३.१ **वित्तीय प्रतिवेदन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शिर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छ ।

३.२ **वित्तीय विवरणको यथार्थता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शिर्षक सम्बन्धी व्यवस्था छ। पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (एकीकृत प्राप्ति भुक्तानी विवरण) प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०(१)) तयार गर्नुपर्छ। पालिकाले आर्थिक वर्ष २०८०।०८१ मा निम्न शिर्षकको रू.११ करोड ८७ लाख ३२ हजार स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीमा लेखाङ्कन गरेको छैन । जसले गर्दा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली मार्फत हुने र सबै प्राप्ति र भुक्तानी विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

रकम रू.हजारमा

| सि.नं. | शिर्षक | बजेट | खर्च रकम |
|---|---|---|---|
| १ | सामाजिक सुरक्षा तथा संरक्षण | ११५४७५ | ११५१०८ |
| २ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३३०० | ३२१० |
| ३ | गरिवसँग विश्वेश्वर कार्यक्रम | ४१५ | ४१३ |
| ४ | मुख्यमन्त्री तथा मन्त्रीपरिषद कार्यालय | ९९४० | ० |
| **जम्मा** | | १२९१३० | ११८७३२ |

४ **आन्तरिक लेखापरीक्षण**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ को आन्तरिक लेखापरीक्षण गरेको छैन। पालिकाले कानुन बमोजिम आन्तरिक लेखापरीक्षणको जनशक्ति व्यवस्थापन गरी आन्तरिक लेखापरीक्षण गर्नुपर्दछ।

५ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• कन्टिन्जेन्सी खर्चको अभिलेख राखेको छैन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(७) वमोजिम सरोकारवाला सहितको सार्वजनिक सामाजिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु गरेको मिति, लागत अनुमान, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू. १९ लाख ७२ हजार र वडा तर्फ प्रशासनिक खर्च तथा विविध खर्च रु १३ लाख ८३ हजार गरी जम्मा रु ३३ लाख ५५ हजार खर्च गरेको छ। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्ने देखिन्छ ।

## ६ योजना तथा वजेट कार्यान्वयन

६.१ योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन। साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०८० को दफा २ अनुसार यस वर्ष थपघट समेत गाँउसभाको निर्णयबाट रु. ४ करोड ३१ लाख ५९ हजार मिति २०८०।११।४ मा रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा ७.८८ प्रतिशत हुन्छ। कार्यक्रम, वजेट तर्जुमा र कार्यान्वयनलाई व्यवस्थित गरी रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

६.२ रिब्दीकोट गाँउपालिका १३ औँ गाँउसभाबाट पारित नीति तथा कार्यक्रममा कृषि तथा भूमी व्यवस्थामा १४, पर्यटनमा ४, पूर्वाधारमा ५, उद्योग बाणिज्य आपूर्तिमा ३, सामाजिक विकासमा २, स्वास्थ्यमा १५, शिक्षामा ९, युवा खेलकुदमा ५, महिला बालबालिकामा जेष्ठ ६, सामाजिक सुरक्षा तथा संरक्षणमा ३, भाषा धर्म संस्कृति २, खानेपानी तथा सरसफाई ३, सहकारी तथा वित्तीय क्षेत्रमा ३, जलस्रोत सिँचाई र उर्जामा ३, प्रकोप वातावरण र विपतमा ५ श्रमरोजगार र गरिबी निवारण ७, न्याय र कानून १, सूचना प्रविधि ४ र सुशासन र संस्थागत विकासमा ८ गरी जम्मा १०२ नीति तथा कार्यक्रम बमोजिमको बजेट र सो बजेटबाट भएको सुधार देखिने अवस्था र खर्चको नतिजा विश्लेषण नभएकोले उल्लेख गर्न सकिएन । नीति तथा कार्यक्रम धेरै आउने कार्यान्वयन नतिजा नदेखिने अवस्थामा सुधार हुनुपर्छ । क्षेत्रगत बजेट खर्च र नीतिगत प्राथमिकताको मुल विषयसँग बजेट बिनियोजन तालमेल मिलाउनुपर्छ । जनतासँग जनप्रतिनिधिमा

रू.७५८८९०० अर्थात कुल पुँजीगत खर्चको करिब ५ प्रतिशत योजना उल्लेख नगरि बाँडफाँट गरेको देखिँदा सो समेत बाँडफाँट हुनुपर्छ ।

## ७ योजनाको प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पादनमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार ८ वडाको लागि वडागत र पालिकास्तरका पुँजीगत तर्फ कुल २४४ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाख माथिका योजना सङ्ख्या | रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | १९३ | १० | २९ | १५४ |
| २. | वडा स्तरीय | ५१ | ० | ३ | ४८ |

उपरोक्त विवरण अनुसार पालिकाले साना योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिक खर्चमा बृद्धि भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २१७ योजनामात्र कार्यान्वियन भई २७ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले प्रतिफलमुखि र रोजगारी सृजना गर्ने खालका ठूला योजनाहरु पनि कार्यान्वियन गर्नुपर्दछ।

## ८ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

रकम रू.हजारमा

| क्र.सं | क्षेत्र | विनियोजन | खर्च | खर्च प्रतिशत जम्मा खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४६९९७ | २७७४७ | ६.१९ |
| २ | सामाजिक विकास | ३२२२४४ | २८००४४ | ६२.५२ |
| ३ | पूर्वाधार विकास | १०३७२१ | ८००२३ | १७.८६ |
| ४ | सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र | ३७७४ | २१५७ | ०.४८ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | ७०६९५ | ५७८९० | १२.९२ |
| जम्मा | | ५४७४३३ | ४४७८६४ | |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ६२.५२प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र मा सबै भन्दा घटीमा ०.४८ प्रतिशत रहेको छ ।

## ९ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

रकम रू.हजारमा

| क्र.सं | बजेट | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम | दोस्रो | तेस्रो | चौथो | |
| १ | पूँजीगत खर्चतर्फ | १२२६१५ | १५६३ | ९९१९ | १८९४९ | ९२१८२ | ५९२९२ |
| २ | प्रतिशत | | १.३ | ८ | १५.५ | ७५.२ | ४८.३५ |

वार्षिक कार्यक्रम अनुसार चौमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये चौथो त्रैमासिकमा ७५.२ प्रतिशत तथा आषाढ महिनामा ४८.३५ प्रतिशत खर्च भएको देखियो। यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने, अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले त्रैमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन गर्नुपर्ने देखियो ।

## १० खर्च बिश्लेषण

पालिकाले यसवर्ष चालु तर्फ रु.३२,५२,४८,७१६ र पूँजीगत तर्फ रु १२,२६,१५,६६३ रु ४४,७८,६४,३७९ खर्च गरेको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.३३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७२.६२ प्रतिशत चालु र २७.३६ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## ११ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

## १२ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३३ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट सबै सहकारीको अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन।जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

## १३ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले

हालसम्म ११ वटा ऐन, ३ वटा नियमावली, ४५ कार्यविधि लगायत ५९ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । कानुनको कार्यान्वयनको अवस्था अनुगमन गरी अद्यावधिक गर्नुपर्दछ ।

१४ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ५ र यो वर्ष थप भएको २ गरी कुल ७ विवाद दर्ता भएकोमा ५ वटा फर्स्यौट भई २ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१५ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था रहेको छ । आवधिक योजना बनाएता पनि पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजनाको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१६ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१७ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१८ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ९० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकिय अधिकृत सहित ६८ जना स्थायी पदपूर्ति भएको देखिन्छ । यस पालिकामा समायोजन ऐन, २०७५ बमोजम समायोजन भई पदस्थापन भएका लेखा अधिकृत संघ अन्तर्गत काजमा रहेको र पालिकाको आर्थिक प्रशासन शाखाको कार्य संघीय कर्मचारी मार्फत गरेको देखिन्छ । आर्थिक प्रशासन सम्बन्धी कार्य खटाएकै कर्मचारीबाट गर्ने गरी कर्मचारी व्यवस्थापन गर्नुपर्छ । साथै लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार विभिन्न पदका २२ पदहरु रिक्त रहेका छन् । पालिकाले रिक्त पदपूर्ति गर्नको लागि करार तथा ज्यालादारी कर्मचारी नियुक्ती गरी तलव भत्ता भुक्तानी गरेको छ । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत

कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१९ **कर्मचारी व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रू.५३,६७,९९९ भुक्तानी गरेको पाइयो । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

२० **दरबन्दी बाहिरका कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरबन्दीको व्यवस्थापन सर्वेक्षण गरी सभावाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरवन्दी वेगरका कृषि प्राविधक, कम्प्युटर सहायक र पशु प्राविधक लगायत पदमा दरवन्दी वाहिरका १२ कर्मचारी ज्यालादारीमा नियुक्ती गरी रू.१९,९८,८२५ तलव भत्ता भुक्तानी भएको नियम सम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १९,९८,८२५ |

२१ **तलवी प्रतिवेदन**

लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ४७ को उप दफा ४ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ| कार्यालयले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई ३९ कर्मचारीको रु. २ करोड ४५ लाख ७० हजार तलव खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब तथा ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२२ **जिन्सी निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सो को निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

२३ **आन्तरिक आय तथा राजश्व**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर लगायत वापत अनुमानित रु.७३७७५०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु. १०४५१७१५ अर्थात अनुमानको तुलनामा १४१.६७ प्रतिशत आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

२४ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानवाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४३,७४,१२,६६४ | १,०४,५१,७१५ | २.३३ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.३३ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

### २५ सामुदायिक वनको आय

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको विक्री वापतको प्राप्त हुने रकमको दश प्रतिशत सम्बन्धित गाउँपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी वन पैदावर बिक्रि वापत प्राप्त हुने रकम सम्वन्धमा खोजी गरी आम्दानी बाँधेको देखिएन ।

### २६ आर्थिक सहायता

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तथा कार्यापालिकाको निर्णय बमोजिम विभिन्न व्यक्तिहरुलाई विपद् व्यवस्थापन तथा राहत शिर्षकमा रु. २,०९,१८६ आर्थिक सहायता वितरण गरेको छ। सहायता वितरण गर्ने कार्य अन्य तहका सरकारसँग समेतको समन्वयमा दोहोरो नपर्ने गरी व्यवस्थित बनाउनुपर्दछ।

### २७ खर्चको अवस्था

तपसिलका चालु प्रकृतिका काम/ खर्च शिर्षकहरुमा गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा खर्च रकम वृद्धि भएको देखिन्छ । कार्यालयले कार्यक्रममा वृद्धि, बजार मूल्यमा वृद्धि तथा पुरानो गाडी संचालनका कारणले खर्चमा वृद्धि भएको जानकारी दिएको छ । यस्ता खर्चलाई नियन्त्रणमा राखी मितव्ययीता अपनाउनु पर्दछ ।

(रु.हजारमा)

| क्र.सं | खर्च शिर्षक | २०७९।८० को खर्च | २०८०।८१ को खर्च |
|---|---|---|---|
| १ | पदाधिकारी सेवा सुविधा | ८६४४ | ८७५२ |
| २ | पदाधिकारी तथा कर्मचारी बैठक भत्ता | ३११५ | ३१३४ |
| ३ | विविध खर्च | ३४२१ | ३३५५ |
| ४ | ईन्धन | १५३९ | १७२९ |
| ५ | मसलन्द | २६७० | २९९१ |
| ६ | अनुगमन मूल्यांकन खर्च | ९०१ | ९१५ |
| ७ | सवारी साधन मर्मत संभार खर्च | १६११ | १८३६ |

### २८ सामाजिक सुरक्षा

२८.१ सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ मा नियम ८ बमोजिमको परिचयपत्र प्रत्येक आर्थिक वर्षको भाद्र मसान्त भित्र नविकरण गरिसक्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयबाट प्राप्त Gender wise SSNP Grant Report (अनुसुची ४) बमोजिम आर्थिक वर्ष २०८०।८१ मा अन्य जेष्ठ नागरिक भत्ता लिएका लाभग्राही मध्ये चालू वर्षको लागि लेखापरीक्षण अवधिसम्म नविकरण गर्न नआएका संख्या १२ रहेको पाईयो । पालिकाबाट नविकरण गर्न नआएका लाभग्राहीको पहिचान गरी लाभग्राही एकिन गर्ने कार्य भएको पाईएन्। आर्थिक वर्ष २०८१।८२ को लागि नविकरण गर्न नआएका १२ लाभग्राही पहिचान गरी २०८०।८१ मा भुक्तानी भएको प्रति व्यक्ति रु.४८,००० का दरले रु.५,७६,००० सामाजिक सुरक्षा भत्ता तथा लाभग्राही सम्बन्धमा एकीन हुनुपर्दछ । साथै अन्य लाभग्राही समुहमा समेत नविकरण गर्न नआएका लाभग्राही वास्तविक लाभग्राही भए नभएको सम्बन्धमा पालिकाबाट छानबिन हुनुपर्दछ ।

२८.२ सामाजिक सुरक्षा कार्यविधि, २०७७ अनुरुप लगत अद्यावधिक गर्नुपर्ने, सोही कार्यविधिको अनुसुची -१० अनुसार बैंकसँग निश्क्रिय खाताहरुको विवरण माग गरी हिसाव मिलान गर्नुपर्ने र सामाजिक सुरक्षा नियमावली २०७६ को नियम २२ अनुसार सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी अभिलेखको नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्ने नियम १६ बमोजिम भएको व्यवस्थाहरुको विवरण पालिकाले त्रैमासिक तथा बार्षिक रुपमा सार्वजनिक गर्नुपर्ने लगायतका विषयमा सुधार हुनुपर्दछ ।

## २९ मन्दिर महोत्सव, पर्व र प्रतियोगिता

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(फ) मा संस्कृति, ललितकला, प्राचीन स्मारक, जात्रा र पर्व संचालन र व्यवस्थापन गर्ने काम कर्तब्य अधिकारको व्यवस्था गरेको छ । पालिकाले पाल्पा भैरबस्थान मन्दिर, जलेश्वर धाम लगायत मेलापर्व र अन्य प्रतियोगिताको आम्दानी पालिकामा आवद्ध गरी आम्दानी र खर्च पारदर्शी गरेको पाइएन । साथै खस्यौली प्राथमिक स्वास्थ्य केन्द्र बन्दीपोखराको अस्पताल तर्फको आम्दानी र खर्च समेत आयव्यय पालिकामा आवद्ध नगराई खर्च गर्नु उचित देखिएन । ती निकायको आम्दानी र संचालन लगायत अन्य खर्चको मापदण्ड तयार गरी बार्षिक आयव्यय पालिकाको दायरामा ल्याउनुपर्छ ।

## ३० बितरणमुखी खर्च

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(६) मा स्वीकृत बजेट तयार गर्दा नियमितता मितव्ययिता कार्यदक्षता प्रभावकारी र औचित्य समेतलाई विचार गरि खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पुँजी सिर्जना नहुने खालका वितरणमुखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पुँजी निर्माण हुने किसिमका योजना तथा कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । पालिकाले विभिन्न कार्यक्रममा विभिन्न सामाग्री वितरण गरी देहाय बमोजिमको रकम खर्च लेखेको छ । यस्तो खर्चमा नियन्त्रण गरिनुपर्दछ ।

| गो.भौ.नं/मिति | कार्यक्रमको नाम | वितरण सामाग्री | रकम |
|---|---|---|---|
| ४३८।२०८०।१२।३० | ५०% अनुदानमा इन्टरनेट जडान | २० वटा घर परिवारमा नेट जडान | १००००० |
| ५७१।२०८१।०२।२० | ज्येष्ठ नागरिक सम्मान कार्यक्रम | ३० जना ज्येष्ठ नागरिकलाई ब्ल्याङ्केट वितरण | ८९९९९ |
| ९२५।२०८१।०३।२३ | ज्येष्ठ नागरिक सम्मान कार्यक्रम | ३० जना ज्येष्ठ नागरिकलाई थर्मस वितरण | ४२००० |
| ९०२।२०८१।०३।२२ | ५०% अनुदानमा इन्टरनेट जडान | ३५ वटा घरपरिवारमा नेट जडान | १६१९५० |
| जम्मा | | | ४६६५०७ |

पच्पन्न घर परिवारको इन्टरनेट जडान रु २६१९५० व्यक्तिगत प्रयोजनमा उपयोग भएको देखिएकोले इन्टरनेट जडान वापतको खर्च अनियमित देखिएको रकम रू.

| | |
|---|---|
| अनियमित भएको | २,६१,९५० |

## ३१ सवारी साधन मर्मत र अभिलेख

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ को उपदफा (१०) जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु र उपदफा (११) मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोबार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना, हानि नोक्सानी वा लापरबाही हुन नपाउने गरी सरकारी सम्पत्ति, नगद, जिन्सी सुरक्षित राख्न उचित प्रबन्ध मिलाउनु उल्लेख रहेकोमा पालिकाले गो.भौ. २६३ मिति २०८०.१०.११ बाट खस्यौली प्राथमिक स्वास्थ्य केन्द्रद्वारा सञ्चालित लु १ झ २८५ नम्बरको एम्बुलेन्स लक्ष्मी मोटो क्यर प्रा.लि.बाट मर्मत गरी रु. १०९२११ भुक्तानी लेखेको छ। सो सवारी मर्मत कार्यमा मर्मत आदेश र मर्मत अभिलेख संरक्षण खाता राखेको पाइएन। यसरी सार्वजनिक सवारी साधानको मर्मत गर्नु पूर्व अधिकार प्राप्त अधिकारीबाट पूर्वस्वीकृतिलिई मर्मत गर्नु पर्ने र मर्मतसम्भार पछी सोको तोकिएको ढाँचामा मर्मत अभिलेख संरक्षण खाता नराख्दा सरकारी जिन्सी तथा सम्पत्ति संरक्षण नहुने र व्यायभार बढ्ने हुँदा पालिकाले यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ।

३२ **बढी आमन्त्रित सदस्य**

लुम्बिनी प्रदेश सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ ले बैठकमा विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढीमा तीन जना आमन्त्रित सदस्यका रुपमा थप व्यक्तिहरु राख्न सकिने व्यवस्था रहेकोमा पालिकाले विभिन्न समितिको बैठकमा तोकिएको सदस्य भन्दा बढी आमन्त्रित राखी भत्ता भुक्तानी गरेको देखियो ।पालिकाले देहायको गो.भौ.नं नमुनाको रुपमा छनोट गर्दा पालिकाले आवश्यकता नहेरी बढी मात्रामा आमन्त्रित सदस्य राखी बैठक भत्ता दिएको पाइएकोले यस्तो खर्च नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

| गो भौ नं मिति | बैठकको नाम | आमन्त्रित राख्नुपर्ने सदस्य सङ्ख्या | आमन्त्रित राखेको सदस्य सङ्ख्या | बढी आमन्त्रित सदस्य सङ्ख्या | रकम |
|---|---|---|---|---|---|
| ३०३/ २०८०.१०.२३ | राजश्व परामर्श समितिको बैठक भत्ता | ९ जना | १७ जना | ८ जना | ८००० |
| ८७५/ २०८१.०३-२१ | राजश्व परामर्श समितिको बैठक भत्ता | ६ जना | २० जना | १४जना | १४००० |
| ८२२/ २०८०.०३.१८ | विभिन्न सिमितिको बैठक भत्ता | ६ जना | १७ जना | ११ जना | ११००० |

३३ **सफ्टवेयर खरिद र परिचालन**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यक्ताको पहिचान, खरिद विवरण, परिणाम र क्षेत्र एकिन गरी लागत अनुमान तयार गरेर गर्नुपर्दछ । पालिकाले यो वर्ष ३ वटा सफ्टवेयर खरिद गरी रु १२०१३३८ भुक्तानी भएको पाईयो । सफ्टवेयर खरिदको आवश्यक्ता, यसको लागत अनुमान, त्यसको पूर्ण प्रयोग, उक्त सफ्टवयर संचालनको स्वीकृति र सफ्टवेयर अडिट गरेको छैन। तसर्थ यस्ता सफ्टवेयर खरिद, प्रयोग र वार्षिक मर्मत सुधार खर्चमा मितव्ययिता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसंग आवद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ।

३४ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यो कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाका ८ वडामा १६ योजना सञ्चालन गरी यस वर्ष ७९ जनालाई औसत ९९.४३ दिन रोजगारी उपलब्ध गराई रु. ५२,२०,५४० श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

३५ **सीप विकास तालिम (मेडपा कार्यक्रम )**

गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुँदा २८ मा उद्यमशीलता विकास तालिम लिएका सहभागीहरु मध्येबाट व्यावसायिक योजना, उद्यमीको प्रकृति अनुसार विभिन्न समूहमा आबद्ध गरी सीप विकास तालिम सञ्चालन गर्नु पर्ने व्यवस्था छ । पालिकाका सीप विकास तालिम (सिलाई कटाई सिप विकास तालिम) मा रू.५,०४,३७६ खर्च गरेको छ । उक्त तालिम लिएका तथा मेशीन उपकरण लिएका मध्ये के कति जनाले उक्त तालिम तथा प्रविधिको प्रयोग गरी लघु उद्यम संचालन गरेको भन्ने अभिलेख गाउँपालिकाले राखेको छैन । गाउँपालिकाले वर्षेनी तालिम संचालन गर्ने तर उक्त तालिमको प्रयोग गरी प्रशिक्षार्थीहरुले व्यवसाय तथा उद्यम सुरु नगरेको अवस्थामा तालिमको औचित्य रहदैन । तसर्थ पालिकाले हालसम्म संचालन गरेका व्यवसायिक तालिम तथा कार्यक्रमहरुको उपलब्धि मापन गर्नुपर्दछ ।

३६ **कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ बमोजिम कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान दिने व्यवस्था छ । कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानबाट देहायका विद्यालयलाई पुस्तकालय तथा ICT ल्याव व्यवस्थापनका लागि रु.६५००००।- का दरले रु ३२५०००० निकासा भएको देखिन्छ। पालिकाले पुस्तकालय र ल्याबको संचालन तथा उपयोगको स्थिति देखिने गरी अनुगमन र अभिलेखांकन गरेको पाईएन् । तसर्थ पालिकाबाट अनुमगन गरी विल बमोजिम खरिद तथा जिन्सी दाखिला भएको सुनिश्चित हुनुपर्दछ । साथै उक्त ल्याब तथा पुस्तकालय संचालनबाट प्राप्त नतिजाको अनुगमन र प्रतिवेदन हुनुपर्दछ ।

| क्रस | विद्यालय | ठेगाना | अनुदान रु | अनुदानको प्रकार |
|---|---|---|---|---|
| १ | दुर्गाभवानी आ वि - ६ | देउराली | ६५०००० | विज्ञानप्रयोगशाला |
| २ | प्रभात मा वि - ७ | मैनादी | ६५०००० | विज्ञान प्रयोगशाला |
| ३ | शारदा मावि - १ | शान्तिचौर | ६५०००० | पुस्तकालय |
| ४ | ताल्तुङ् मा वि - ८ | पेलाचौर | ६५०००० | ICT ल्याव |
| ५ | भास्कर मा वि - ६ | पोरक्नी | ६५०००० | ICT ल्याव |

### ३७ विद्यालयलाई प्रति-विद्यार्थी अनुदान

शिक्षा तथा मानवश्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुष्तिका २०८०।०८१ मा EMIS मा प्रविष्ट भएको संख्यालाई (सत्यापन) गराई विद्यार्थी संख्या एकिन गरेर मात्र विद्यालयलाई प्रति विद्यार्थी अनुदान निकाशा गर्नुपर्ने व्यवस्था छ । पालिकाले EMIS मा प्रविष्ट भएको तथ्याङ्कको आधारमा देहायका विद्यालयमा रु. ७९०१५० निकासा गरेको छ। विद्यालयले EMIS को तथ्याङ्कको आधारमा विद्यार्थी संख्या एकिन नगरी निकासा दिएकोमा शिक्षा समिति गठन गरी अनुगमन गरेको पाईएन। पालिकाले सत्यापन पश्चात निकाशा दिने र सोको अनुगमन गर्नुपर्दछ।

| क्र सं | विद्यालयकोनाम | ठेगाना | विद्यार्थीसंख्या कक्षा ०-१२ | | | अनुदानप्रकार | प्रतिविद्याथी अनुदान |
|---|---|---|---|---|---|---|---|
| | | | छात्रा | छात्र | जम्मा | | |
| 1 | भैरवजनता मा वि - ४ | भैरवस्थान | १२६ | १४० | २६६ | ससर्त | ५७९५० |
| 2 | भवानी मा वि - ५ | कुसुमखोला | ८७ | १०४ | १९१ | ससर्त | ४४३०० |
| 3 | लक्ष्मी आ वि - ५ | नयाँटोला | १७ | २७ | ४४ | ससर्त | ९५०० |
| 4 | महेन्दजनता प्रा वि -४ | रानिठाटी | ७ | १२ | १९ | ससर्त | ४६०० |
| 5 | सरस्वती मा वि - ३ | खस्यौली | ६३ | ६८ | १३१ | ससर्त | २७४०० |
| 6 | ज्ञानमाला मा वि - ८ | फेक | ७५ | ६७ | १४२ | ससर्त | ३०००० |
| 7 | आदर्श मावि लघुवा - २ | लघुवा | ४५ | ४६ | ९१ | ससर्त | २१६५० |
| 8 | दुर्गाभवानी आ वि - ६ | देउराली | ११० | ११६ | २२६ | ससर्त | ४९७०० |
| 9 | सोमहर आ वि - ८ | सोमहर | ५६ | ४९ | १०५ | ससर्त | २७०५० |
| 10 | आदर्श प्रा वि - २ | डम्मक | ८ | ६ | १४ | ससर्त | ४२०० |
| 11 | चन्डीकाभवानी आ वि - ७ | पालुङ | ४६ | ५१ | ९७ | ससर्त | १९१५० |
| 12 | शान्ती प्रा वि - १ | भुलखोला | १५ | ७ | २२ | ससर्त | ५७५० |
| 13 | भास्कर मा वि - ६ | पोरक्नी | ५३ | ६९ | १२२ | ससर्त | २६७५० |
| 14 | लक्ष्मी मा वि - ३ | मालमुल | ७२ | ७७ | १४९ | ससर्त | ३३४५० |
| 15 | शारदा मावि - १ | शान्तिचौर | १३७ | ११९ | २५६ | ससर्त | ५६५५० |
| 16 | कालिका मा वि - ७ | बतासे | १२१ | १३९ | २६० | ससर्त | ६३४०० |
| 17 | कालिका प्रावि भारकोट-४ | भारकोट | १९ | २० | ३९ | ससर्त | ८६५० |
| 18 | प्रभात मा वि - ७ | मैनादी | ६७ | ६१ | १२८ | ससर्त | २५८०० |
| 19 | ताल्तुङ् मा वि - ८ | पेलाचौर | ७७ | ९५ | १७२ | ससर्त | ३४२५० |
| 20 | नारायण मा वि - ६ | धुस्टुङ् | १५५ | १२८ | २८३ | ससर्त | ६०२५० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 21 | आदर्श मावि देउराली -२ | देउराली | ११३ | १०० | २१३ | ससर्त | ४५९५० |
| 22 | कालिका आ वि - १ | जोगिथुम | ५५ | ५३ | १०८ | ससर्त | २५९०० |
| 23 | भगवती प्रा विकराम्दी - १ | कराम्दी | २१ | २४ | ४५ | ससर्त | ९२०० |
| 24 | भगवती प्राविसिरुपाते - ३ | सिरुपाते | १९ | १९ | ३८ | ससर्त | ९९०० |
| 25 | चण्डी भवानी प्रा वि -६ | घोर्लीखर्क | १० | १३ | २३ | ससर्त | ६२५० |
| 26 | गौरी प्रा वि - ६ | मोहन्दी | ६ | ६ | १२ | ससर्त | १८०० |
| 27 | पिपलडाँडा प्रा वि - ८ | फेक | ३६ | २६ | ६२ | ससर्त | १२८०० |
| 28 | मैदानदेवी प्रा वि - ८ | लुम्बास | १५ | २७ | ४२ | ससर्त | ८७५० |
| 29 | रैनादेवी प्रा वि - २ | मसार | ८ | १५ | २३ | ससर्त | ६९५० |
| 30 | कालिका प्रा वि ताल -६ | ताल | १६ | १६ | ३२ | ससर्त | ६२०० |
| 31 | राधाकृष्ण प्रा वि - १ | बरपोखरा | ३२ | ४२ | ७४ | ससर्त | १८१०० |
| 32 | गाँउले प्रा वि - २ | देउराली | १० | ९ | १९ | ससर्त | ६००० |
| 33 | अल्कादेवी प्रा वि - ८ | बेग्दी | ७ | ५ | १२ | ससर्त | २८५० |
| 34 | आलम प्रा वि - ६ | ठिमुरे | ६ | १० | १६ | ससर्त | ३८०० |
| 35 | नवज्योती प्रा वि - ६ | उजलडाडा | ११ | ६ | १७ | ससर्त | ५३५० |
| 36 | कालिका प्रावि आरेफान - ८ | आरेफान | २ | ११ | १३ | ससर्त | ३००० |
| 37 | कालिनाग प्रा वि - ८ | ताल्तुङ | १२ | १६ | २८ | ससर्त | ७००० |
| जम्मा | | | १७३५ | १७९९ | ३५३४ | | ७९०१५० |

३८ **शिक्षक विद्यार्थी अनुपात**

शिक्षा नियमावली, २०५९ को नियम ९२ तथा अनुसूची १२ वमोजिम शिक्षक विद्यार्थी अनुपात अनुसार शिक्षक दरवन्दी हुनुपर्दछ । पालिका अन्तर्गतका निम्नानुसार शिक्षक र विद्यार्थी अनुपात रहेकोमा पालिकावाट सो भन्दा बढी हुने गरी थप शिक्षक व्यवस्था गरी तलव भत्ता भुक्तानी भएको पाईयो । पालिकाले नियमावलीले तोकेको शिक्षक विद्यार्थी अनुपात मिल्ने गरी विद्यालय व्यवस्थापन गर्नुपर्दछ।

| क्र.स. | विद्यालयको तह | कुल विद्यार्थी संख्या | कुल शिक्षक संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | वालविकास | ४३६ | २९ | १:१५ |
| २ | आधारभुत विद्यालय तह | २१८९ | ३०४ | १:७ |
| ३ | मा.वि | ५४२ | ३९ | १:१४ |

३९ **स्थानीय पाठ्यक्रम**

पाठ्यक्रम विकास केन्द्रद्धारा प्रकाशित राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ बमोजिम आधारभुत तहको शिक्षासम्म स्थानीय पाठ्यक्रम तयार गरी सो बमोजिमको पाठ्यपुस्तक तयार गरी पठन पाठन गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले यस आ.ब मा पाठ्यक्रम तयार गर्नको लागि रू.१६९५०० खर्च लेखेको छ । सो बमोजिमको स्थानीय पाठ्यपुस्तक तयार भई पठनपाठन नभएकोले पालिकाले स्थानीय पाठ्यपुस्तक तयार गरी आधारभुत तहमा पठनपाठन गराउनुपर्दछ ।

४० **सेनिटरी प्याड खरिद**

४०.१ पालिकाभित्र रहेका विद्यालयका छात्राहरुको लागि आवश्यक पर्ने सेनिटरी प्याड (९०४५ प्याकेट) खरिदको लागि रू.९९९९५० लागत अनुमान तयार गरी ठेक्का आह्वान गर्दा गो.भौ.नं- २२७।२०८१।०३।२४ बाट समुन्द्र मेडिको फर्मालाई रू.३४०२४३.८८ भुक्तानी खर्च लेखिएको छ । सो सम्बन्धी देखिएको व्यहोरा निम्न छन् ।

४०.२ **स्पेशिफिकेसनः** सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को अनुसूची १ मा सेनिटरी प्याडको साइज (Size including minimum 240+-20 mm length and 60 to 75 width, thickness15mm+-2 mm) हुनुपर्ने व्यवस्था रहेको छ । पालिकाले ठेक्का आह्वान गर्दा सेनेटरी प्याडको साइज (Size including minimum 280+-20 mm length and 60 to 75 width, thickness below 5mm) बनाई कार्यविधि विपरित२८०mm साईजको खरिद गरी भुक्तानी दिएको छ । पालिकाले कार्यविधिले तोकेको मापदण्ड वमोजिम खरिद गरी वितरण गर्नुपर्दछ ।

४०.३ **गुणस्तर परीक्षणः** पालिकाले सेनेटरी प्याड खरिद गरी कार्यविधिले तोकेको स्पेशिफिकेसन बमोजिम भए नभएको ल्याब टेस्ट गरी भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । समुन्द्र मेडिको फर्माले मिति २०८१।०३।२४ मा सेनेटरी प्याड डेलिभरी गरेकोमा सो आपूर्तिकर्ताले पेश गरेको ल्याव टेस्ट रिपोर्ट (Zest Laboratories and Research Pvt.Ltd मा गरिएको टेस्ट रिपोर्ट) मिति २०८१।०१।२० को पेश गरेकोले सो आपूर्तिकर्ताले आपूर्ति गरेको सामानको व्याच नं खुल्ने गरी सोही समयमा ल्याब टेस्ट गरेको प्रमाण पेश गर्नुपर्दछ । पालिकालले आपूर्ति गरेको सामानको व्याच नं र मिति भिड्ने गरी ल्याब टेष्ट रिपोर्ट पेश भएपश्चात मात्र भुक्तानी दिनुपर्दछ ।

४१ **औषधी खरिद**

पालिकालाई आवश्यक पर्ने औषधी पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी बार्षिक आवश्यक्ताको परिमाण विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नुपर्दछ । आपूर्ति हुने औषधीमा उत्पादन मिति, म्याद सकिने मिति, व्याच नं, उत्पादक कम्पनीको नाम, निःशुल्क वितरणको लागि लगायतको सूचना उल्लेख हुनुपर्ने, आपूर्ति भएको औषधीको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा ७५ प्रतिशत वा १८ महिना बाँकी हुनुपर्ने व्यवस्था भएकोले भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यस वर्ष पालिकाले रू.९९८०२८ रकम बराबरको औषधी खरिद गरेको देखिन्छ । आपूर्ति गरेको औषधीमा आपूर्तिकर्ताले पेश गरेको GMP सर्टिफिकेट र उत्पादक कम्पनी एकै भएको/नभएको जाँच भएको देखिएन ।साथै जिल्लाबाट के कति औषधी प्राप्त भएको, स्वास्थ्य चौकीलाई वितरण भएअनुसार औषधी खर्च तथा मौज्दात सम्बन्धमा पालिकाबाट अनुगमन भएको समेत देखिएन । तसर्थ विभिन्न क्षेत्रबाट प्राप्त औषधी तथा पालिकाबाट खरिद भएका औषधीको एकिकृत अभिलेख राखी औषधी खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधी खरिदलाई व्यवस्थित बनाउनुपर्छ ।

४२ **स्वास्थ्य विमा कार्यक्रम**

४२.१ पालिकाले पालिका भित्रका विपन्न तथा ख र ग वर्गको अपाङ्ग नागरिकको स्वास्थ्य विमा कार्यक्रम (पालिका चालु) संचालन भएकोमा निम्न पाईयो ।

४२.२ **कार्यविधि तथा मापदण्ड** : स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ मा स्थानीय तहको काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ । दफा ११ (७) , (८) मा स्थानीय सरकारले उक्त क्षेत्रको कार्यान्वयन गर्नको लागि ऐन, नियम, मापदण्ड तथा कार्यविधि बनाएर मात्र गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले स्वास्थ्य विमा कार्यक्रम संचालनको लागि लाभग्राही नागरिक छनौटको आधार, मापदण्ड तथा कार्यविधि वनाएको छैन ।पालिकाले विपन्न वर्ग उत्थान कार्यक्रम (प्रदेश विशेष) सहित ४५४ जनाको १६,४०,००० विमा गरेकोमा सम्वन्धित नागरिकको निवेदन समेत पेश नगरी वडा अध्यक्षको सिफारिसको आधारमा अभिकर्तालाई विमा रकमको भुक्तानी दिएको छ । कार्यविधि तथा मापदण्ड र कार्य प्रकृया नबनाई कार्यक्रम संचालन गर्दा कार्यक्रममा एकरुपता, समानता तथा लक्षित वर्गले सेवा प्राप्त गरे भनी एकिन हुन सकिएन । पालिकाले कार्यक्रम संचालन गर्दा कार्यविधि तथा मापदण्ड निर्धारण गराएर मात्र कार्यक्रम संचालन गर्नुपर्ने तथा यस्तो खर्चको जवाफदेहिता र पारदर्शिता प्रवर्द्धनको लागि विमित व्यक्तिहरुको नाम ठेगाना र रकम वेभसाइटबाट सार्वजनिक गराउनुपर्दछ ।

४३ **करार स्वास्थ्यकर्मी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। त्यसैगरी सोही ऐनको दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टिसियन, चौकीदार, माली, बगैँचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ। पालिकाले दिएको विवरण अनुसार माथि उल्लेखित पद वाहेक विभिन्न स्वास्थ्य संस्थामा दरवन्दी वाहेकका ९ स्वास्थ्य कर्मी नियुक्ती गरी रु. २६,९१,००० भुक्तानी दिएको नियमसंगत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २६,९१,००० |

४४ **पालिकाद्वारा सञ्चालित अस्पताल**

प्राथमिक स्वास्थ्य केन्द्र खस्यौलीको २०८०।८१ को आयव्यय कारोबारलाई पालिकाको दायरामा ल्याई पारदर्शी बनाउनुपर्दछ। राज्यको स्रोतबाट सिर्जित सेवा र सोबाट सृजना भएको आर्थिक कारोबार पालिकाको दायरामा ल्याएर खर्चलाई नियन्त्रण गरिनुपर्दछ। आफ्नौ मातहतको निकायलबाट दोहोरो लेखा र छुट्टै आर्थिक कारोबार र सोको अभिलेख राख्दा पालिकाको जनशक्ति र संरचना भएकोले आम्दानी खर्च एकीकृत गरी खर्चमा नियन्त्रण तथा मितव्ययिता कायम गर्न पालिकाको दायरामा ल्याउनु पर्दछ।

४५ **"कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशिलता साझेदारी परियोजना" (हेफर प्रोजेक्ट नेपाल)**

४५.१ गैर सरकारी संस्था मार्फत खरिद- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९(१) मा ऐनको दफा ४६ बमोजिम गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता किसिम, समयावधि कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । साथै नियम ९९(२) मा उपनियम (1) बमोजिमको काम गराउनको लागि कानून बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सूचीमा समावेश भएका गैर सरकारी संस्था लाई कम्तिमा पन्ध्र दिनको अवधि दिई राष्ट्रिय स्तर वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नुपर्ने र माग अनुसार पर्न आएका प्रस्तावहरु प्रस्तावदाताको रोहवरमा खोली मुचुल्का तयार गर्नुपर्ने र न्यूनतम रकम प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरी सम्झौता गर्ने उल्लेख छ। साथै सम्झौता गरेर कार्य आदेश दिनुपर्ने, खरिद गर्नुपर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मू.अ.कर दर्ता प्रमाण पत्र प्राप्त गरेका संस्थाबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ ।

कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास गर्न लाभग्राहीहरुलाई स्वावलम्वी समूहहरुमा बाख्रा व्यवस्थापन र उन्नत प्रविधिहरुको अनुसरणवाट उत्पादन, उत्पादकत्व र उद्यमशिलता अभिवृद्धि गर्नु र

कृषि र पशुपालन बिषयगत क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ पशु खरिद, वागवानी तथा ढुवानी, कृषि सामग्री तथा यन्त्र उपकरण, तालिम तथा अनुगमनका लागि कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशिलता साझेदारी परियोजना" (हेफर प्रोजेक्ट नेपाल) र पालिका वीच रु.४ करोडको लागत साझेदारीमा मिति २०८२ पौष १५ सम्म कार्यक्रम सञ्चालन गर्ने गरी मिति २०८० पौष १६ मा सम्झौता भएको छ । कुल लागत मध्ये ६९.९ प्रतिशतले हुने रकम रु.२,७९,६०,००० पालिकाले र बाँकी हुने रकम रु. १,२०,४०,००० हेफरले व्यहोर्ने व्यवस्था गरेको छ।यस परियोजना अन्तर्गत यस कार्यालयवाट हेफर प्रोजेक्ट नेपाललाई आ.व. २०८०।८१ मा रु. ३१,६१,३२० भुक्तानी भएको छ । हेफर इन्टरनेशनलसँग बहु वर्षीय दायित्व सिर्जना गर्ने गरी सम्झौता गर्नु बजेट नीति तथा सिद्धान्त बमोजिम देखिएन ।यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छन् :

४५.२ पालिकाले हेफरसँग कृषि तथा पशु उद्यमशिलता विकास परियोजना सञ्चालनको लागि २०८० पौष १६ मा तीन वर्षको लागि सम्झौता गरेको मध्ये पालिकाबाट गर्ने खर्च मध्ये तालिम, अनुगमन र मुल्याङ्कनमा रु.४,८३,१८८ हेफरलाई किस्तामा उपलब्ध गराएको छ। कार्यक्रम कार्यान्वियन गर्ने गैरसरकारी संस्थाको कामको अनुगमन तथा मूल्याङकन सम्वन्धित पालिकाले गर्नुपर्नेमा स्वयं सोही संस्था वाट गराई खर्च लेख्न नमिल्ने देखिएको रु.

पालिकाले सम्पादन गर्नुपर्ने टनेल निर्माण, विउ वितरण तथा सचेतनासम्वन्धि तालिम कार्यक्रमहरु संचालन गर्न कृषि तथा पशु प्राविधिक कार्यरत रहेको अवस्थामा उक्त कार्य हेफरवाट गराउनु उपयुक्त देखिएन ।

| | |
|---|---|
| अनियमित भएको | ४,८३,१८८ |

४५.३ सम्झौताको बुँदा नं. ६.७ मा परियोजनाको प्रगति प्रतिवेदनमा क्रियाकलाप सम्पादन भएको र त्यसवाट आएको उपलब्धी र सो कार्यक्रमले पारेको प्रभावलाई समेत समेटी हेफर संस्थाले पालिकामा पेश गर्नुपर्ने व्यवस्था छ । हेफर प्रोजेक्ट नेपालले यस कार्यक्रम वाट प्राप्त उपलब्धी र पारेको प्रभाव प्रतिवेदनमा समेटी पालिकामा पेश गर्ने गरेको देखिएन।उपलब्धी र प्रभावलाई मापन गर्ने वस्तुगत आधार तथा मापदण्ड तयार नगरी सम्झौता भएको छ। यसले गर्दा यो कार्यक्रम सञ्चालन पूर्व लक्षित परिवारहरुको कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास को बास्तविक अवस्था एकिन गरेको छैन् भने कार्यक्रम सञ्चालन पश्चात कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकासमा के कस्तो सुधार तथा परिवर्तन भयो विश्लेषण गर्न सक्ने अवस्था रहेन।वस्तुगत आधार तथा मापदण्ड तयार नगरी कार्यक्रम सञ्चालन गर्नाले सरकारी खर्चको प्रतिफल र गुणस्तरमा आस्वस्त हुन सकिएन ।

४५.४ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार कुनै कारोबार गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थाई लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्थावाट मात्र गर्नुपर्ने र रु २० हजार भन्दा बढीको खरिद गर्नुपर्दा मु.अ.कर दर्ता भएकाबाट गर्न पर्ने व्यवस्था रहेको छ।त्यस्तै मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १० अनुसार कुनै कारोबारमा संलग्न हुन चाहने व्यक्तिले कारोबार शुरु गर्नु भन्दा अघि कारोबार दर्ता गरेको हुनुपर्ने र दफा १४ अनुसार बस्तु वा सेवा आपुर्ति गर्दा प्रापकलाई बिजक दिनुपर्ने र नियमावली, २०५३ को नियम १७ अनुसार दर्ता भएको व्यक्तिले कुनै बस्तु वा सेवा आपुर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि वाहेक प्रापकलाई अनुसूची- ५ र ५क बमोजिमको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था छ। पालिकाले यस बर्ष हेफर प्रोजेक्ट नेपाल लाई रु. ३१,६१,३२० भुक्तानी गरेको र हेफर प्रोजेक्टले परामर्श मार्फत कार्यक्रम कार्यान्वयन गराएकोमा हेफर प्रोजेक्ट नेपाल वा स्थानिय साझेदारले नियमानुसारको विजक वा कर विजक जारी गर्ने गरेको छैन् र पालिकाले समेत विल विजक माग नै नगरी कारोबार रकम भुक्तानी दिने गरेको देखियो ।अत : कानून अनुसार बिल विजक जारी नै नगरी आर्थिक कारोबार गरेको देखिएकोले नियमसम्मत देखिएन ।

४५.५

पालिकाले नागरिकलाइ पुर्याउनुपर्ने आधारभूत कृषिमा आफ्नु स्वीकृत सम्रचनामार्फत सेवा पुर्याउनु पर्नेमा यस प्रकार अन्तराष्ट्रिय गैरसरकारी सस्था कार्य गराउदा खरिद ऐन २०६३ को दफा ३१ मा सूचीमा समावेश भएका आशयपत्रदाता सँग ३० दिनको सूचना दिई प्राविधिक एवं आर्थिक प्रस्ताव माग गर्नुपर्ने गुणस्तर र लागत विधि वा न्युन लागत विधिबाट छनौट गर्ने र खरिद सम्झौता पश्चारत सेवा प्रदायकबाट अग्रीम बैंक जमानत लिई सम्झौता रकमको २ प्रतिशतसम्म पेश्की दिन सकिने व्यवस्था छ । पालिकावाट हेफर प्रोजेक्ट नेपाललाई विना कुनै जमानत गो.भौ.नं. २२६-२०८१।०२।२१ बाट रु.१० लाख पेश्की दिएको नियम सम्मत देखिएन ।

४५.६ पालिका र हेफर नेपाल बीच भएको सम्झौतामा स्थानिय संस्थालाइ परामर्स सेवा उपलब्ध गराएकोमा भुक्तानी भएको रु.३१,६१,३२० मध्ये रु ५०००० हजार भन्दा बढीको खरिद रु १२,७८,२८० मा आयकर ऐन २०५८ अनुसार १.५ प्रतिशत भुक्तानीमा कर कट्टा नगरेको रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,१७४ |

४५.७ **अन्य निकाय मार्फत कार्य :** सार्वजनिक खरिद नियमावली, २०६४ नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा पालिकामा कृषि शाखामा कृषि अधिकृत सहित ७ जना र पशु शाखामा पशु स्वा प्राविधक सहित ८ जना पदपूर्ति रहदा पालिकाले हेफरसँग सम्झौता गरी निम्न वमोजिम तलव भत्ता भुक्तानी हुने गरी सम्झौता भएको छ । पालिकामा दक्ष कर्मचारी कार्यरत रहदा कार्यरत जनशक्ती भन्दा वढी दक्षता आवश्यक पर्ने तथा उक्त जनशक्ती वाट कार्य सम्पन्न गर्न नसक्ने स्पष्ट निर्णय वेगरी अन्य निकाय वाट कार्य गराएको नियम संगत नदेखिदैन । पालिकाले स्पषट निर्णय गरी अन्य निकायसँग कार्य गर्ने सम्झौता गर्नुपर्दछ ।

| पद | संङ्ख्या | वार्षिक तलव भत्ता सुविधा | आर्थिक वर्ष २०८०।८१ मा ७ महिनाको सम्झौता भएको रु |
|---|---|---|---|
| परियोजना संयोजक | १ | ६३९६०० | |
| वजार परिचालक | १ | ४५११०० | |
| फिल्ड संयोजक | १ | ३९९१०० | |
| फिल्ड सहायक | ३ | ११९७३०० | |
| लेखा सहायक | १ | ३९९१०० | |
| जम्मा | ९ | ३०८६२०० | १८००२८३ |

## ४६ पुँजीगत खर्चको अवस्था

सार्वजनिक खरिद ऐन, २०६३ को पत्र ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा एवं भएसम्म खुल्ला रुपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष पूँजीगत शिर्षकबाट रु.१२,२६,१५,६६३ खर्च गरेकोमा रु.४,९४,६७,०२८ अर्थात् ४०.३४ प्रतिशत मात्र बोलपत्रबाट खरिद गरेको छ। कुल खरिद मध्ये सिलवन्दी दरभाउपत्रबाट रु. ४३५७१२७, अमानतबाट ५,३५,००० सोझै रु. २,०९,२१,२११ र उपभोक्ता समितिबाट रु. ४,७३,३५,२९७ को खरिद गरेको छ। सोझै तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

## ४७ सडक निर्माण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१ख) बमोजिम प्राविधिक नापजाँच गरी स्पेशिफिकेसन अनुसारको बास्तविक कार्य भएको यकिन गरी करारको शर्त बमोजिम बिल बिजकको भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहायको पिच र सडक ढलान गरी खर्च लेखेको देहाय बमोजिम देखियो ।

| ठेक्का नं | आयोजनाको नाम | निर्माण व्यवसायी | कबोल अंक | काम र भुक्तानी |
|---|---|---|---|---|
| २।०८०।०८१ | खस्यौली स्वास्थ्यकेन्द्र बन्दीपोखरा पिच ढलान | जय श्री तिरुपाती | ७२४५३६७ | ६९६८५८१ |
| ८।०८०।०८१ | जलेश्वर पर्यटन प्रवर्द्धन | शुभ सुमन | १०३१४२८६ | १०३९११२ |
| **जम्मा** | | | १७५५९६५३ | ८००७६९३ |

दुबै आयोजनामा सबै प्रकारको माटो र साधारण ढुङ्गा १९७३.२१ घनमिटर र जलेश्वर पर्यटन पहुँचमार्ग ४६२४.२५ घनमिटर समेत ६५९७.४६ घनमिटर जमिन कटिङको काम भएको छ । कटिङ र ओपन ग्रेड प्रिमिक्स पिच सँगै भएको अवस्था छ । कटिङबाट प्राप्त माटो ढुङ्गा १० मिटर टाढा व्यवस्थापन नगरी बाटोको तल्लो किनारमा व्यवस्थापन गर्दा अधिकांस स्थानमा लच्किएको र माथिबाट पहिरो आएकोले स्थलगत स्थितिबाट देखिन्छ । ५ वर्षसम्म टिकाउ हुने स्पेशिफिकेसन भएको पिचको किनारा घसिएको र पहिरोले छोपेकोले पिचको औचित्य र टिकाउपना देखिएन । साथै सबै स्थानमा ०.०२ मिटर बाक्लो देखिएन । जमिन व्यवस्थापन नगरी पिच ढलान गर्न उचित र औचित्यता देखिएन ।कटिङपछि ठूलो पानी आएकोले पहिरो र पिचबाटोको किनारा धसिएको कार्यालयले जनाएको छ । दिगो कार्यसम्पादन हुने गरी स्रोत परिचालन गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ४७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४८ **ख्याहा अर्घली कृषि सडक**

**ढुंगाको प्रयोग:** सडक तथा भवन संरचना निर्माण गर्दा निर्माण कार्यको क्रममा प्राप्त हुने वा निस्कने निर्माण सामाग्रीको प्रयोग हुने गरी लागत अनुमान तयार गर्नुपर्दछ । साथै सडक तथा पुल निर्माण नर्म्स २०७५ को नर्म्स नं.९०० को हार्ड रक कटिङ्गको दर विश्लेषणतर्फ हार्ड रक कटिङ्गको कम्तिमा ५० प्रतिशत परिमाण पुन प्रयोग गर्नुपर्ने उल्लेख छ ।पालिकाले गो.भौ.नं- ३५४-२०८१।०३।२३ बाट यस सडक खण्ड निर्माण गर्दा हार्ड रक कडिङ्ग वापत उपभोक्ता समितिलाई प्रति घनमिटर रु.१७६०.४३ का दरले १४८.५१ घनमिटरको भुक्तानी गरेको छ । स्वीकृत नर्म्स अनुसार उक्त रकम कटिङ्गको ५० प्रतिशतले हुने ७४.२५ घनमिटर स्टोन ग्याबियन तथा सोलिङ्गमा पुनः प्रयोग हुने गरी दरविश्लेषण नभएको कारण उक्त निर्माण कार्यमा ६६.५ घनमिटरमा प्रतिघनमिटर रु.२४५० का दरले रु.१,६२,९२५ बढी भुक्तानी भएको छ । प्रविधिक पुष्टाई सहित यकिन गरी उक्त रकम असूल हुनुपर्ने रकम रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६२,९२५ |

४९ **उपभोक्ता समितिमार्फत कार्य सम्पादन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा कुनै पनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न २३३ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु.४,७३,३५,२९७ भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

५०	**समितिले निर्माण व्यवसायीको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैँले सम्पन्न गराउनु पर्ने तथा कुनै निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टरबाट गराउन नपाउने व्यवस्था गरेको छ । नमुना छनौट गरी परिक्षण गर्दा पालिकाले देहाय अनुसार सडक निर्माण तथा स्तरोन्नति कार्यको लागि डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरी लागत अनुमान तयार गरेको छ । उपभोक्ता समितिको स्थानीय सिप तथा श्रम प्रयोग नहुने गरी हेभी मेसिन प्रयोग हुने गरी लागत अनुमान तयार गरी उपभोक्ता समितिसँग सम्झौता गरे अनुसार देहाय अनुसार उपभोक्ता समितिले निर्माण व्यवसायीबाट कार्य गराई सम्झौता अनुसारको रकम भुक्तानी दिएको देखिन्छ । हेभी मेसिन प्रयोग हुने तथा जटील प्रकृतीका निर्माण कार्यहरु प्याकेजिङ्ग गरी प्रतिस्पर्धाको माध्यमबाट निर्माण व्यवसायीबाट गराउनुपर्दछ ।

| गो.भौ.नं. र मिति | भुक्तानी रकम | उपभोक्ता समिति | कार्य | निर्माण व्यवसायी |
|---|---|---|---|---|
| २९०-२०८१।०३।१७ | ६,८१,१७२ | फेक दपेरे कृषि सडक उ.स | मोटरबाटो निर्माण र स्तरोन्नति | सिद्धबाबा सप्लायर्स |
| ३५४-२०८१।०३।२३ | ६,४८,७५१ | ख्याहा अर्घली कृषि सडक | मोटरबाटो निर्माण र स्तरोन्नति | क्रस हेभन ट्रेडर्स |
| १९९-२०८१।०२।०६ | २२,६७,३९४ | रानीबन देखि जेमरतुङ कृषि सडक | मोटरबाटो निर्माण र स्तरोन्नति | नयाँपाल निर्माण सेवा |
| १६६-२०८१।०१।०७ | ६,३०,००० | मोटरबाटो मर्मत फेक | मोटरबाटो मर्मत | श्रृङ्गेश्वर ईन्टरप्राईजेज |
| २२-२०८१।०३।२२ | १०,००,००० | हटिया बजारदेखि ढेकुलडाँडा | मोटर बाटो निर्माण | सन्त कन्स्ट्रक्सन |
| जम्मा | ५२२७३१७ | | | |

५१	**उपभोक्ता समितिले निर्माण सामाग्री खरिद**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई प्रमाण र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । तपसिल बमोजिमका उपभोक्ता समितिले पेश गरेका बिजक परिक्षण गर्दा ढुंगा, गिटी तथा बालुवा काठमाडौ महानगरपालिका वडा नं १० ठेगाना भएको सप्लायर्ससँग खरिद गरेको पाईएकोले उक्त सप्लायर्सको शाखा कार्यालय एकिन गर्ने तथा पालिका अन्तर्गत काम गर्ने निर्माण व्यवसायी भएको अवस्थामा तपसिल बमोजिमका उपभोक्ता समितिलाई ढुंगा, गिटी तथा बालुवा बिक्री गरेकोमा सोको खरिद र संकलन स्रोत एकिन गरी प्रमाण पेश गर्नुपर्ने रु.

| गो.भौ. र मिति | उपभोक्ता समिति | सप्लायर्सको नाम र ठेगाना | खरिद विवरण | रकम |
|---|---|---|---|---|
| ३५०-२०८१।०३।२६ | गैराखर्क भल नियन्त्रण तथा नाली निर्माण | सन्ब्रो कन्स्ट्रक्सन एण्ड सप्लायर्स, काठमाडौ मनपा १० | बालुबा, गिट्टी | १,४७,८४८ |
| १५-२०८१।०३।१९ | सैटौला चक्रपथ स्तरोन्नति उ.स. | सन्ब्रो कन्स्ट्रक्सन एण्ड सप्लायर्स, काठमाडौ मनपा १० | बालुबा, गिट्टी | ३,४७,०७० |
| **जम्मा** | | | | ४,९४,९१८ |
| | | | प्रमाण पेश नगरेको | ४,९४,९१८ |

५२	**मैदान देवि कृषक समुह**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा भुक्तानी दिँदा उपभोक्ता समितिले पेश गरेको कामको मूल्य अभिवृद्धिकर बिजकको आधारमा मात्र मूल्य अभिवृद्धिकर पाउने व्यवस्था रहेको छ । पालिकाबाट गो.भौ.नं- २८९-२०८१।०३।१७ बाट यस कृषि समुहलाई मौरीको घार तथा मौरी खरिदमा अनुदान रु.६,००,००० भुक्तानी भएकोमा समुहले मैनादी मौरी विकास स्रोत केन्द्रसँग गैर मूल्य अभिवृद्धिकर बिजकबाट खरिद गरेको बिल पेश गरेकोमा कार्यालयबाट भुक्तानी हुँदा दररेटमा मूल्य अभिवृद्धिकर समेत समावेश गरी भुक्तानी भएको मू.अ.कर रु.८६,३८७ समुहबाट असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ८६,३८७ |
|---|---|

## ५३ मूल्य अभिवृद्धिकर

सार्वजनिक निकायले ठेक्का वा सम्झौतामार्फत खरिद कार्य गर्दा आपूर्तकलाई भुक्तानी गर्ने मूल्य अभिवृद्धिकरमा ३० प्रतिशत कट्टी गरी दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष तपसिल बमोजिम फर्मबाट सम्झौता बमोजिम सामान आपूर्तिपश्चात भुक्तानी दिँदा ३० प्रतिशतले हुने मूल्य अभिवृद्धिकर कट्टी नगरी भुक्तानी दिएकोले सम्बन्धित फर्मबाट असुल हुनुपर्ने रु.

| गो.भौ र मिति | सप्लायर्सको नाम | भुक्तानी रकम | भुक्तानी भएको मू.अ.कर | ३० प्रतिशतले हुने कर |
|---|---|---|---|---|
| २९७-०८१।३।१९ | सिद्धि विनायक ट्रेड सेन्टर | ९,९०,८३४ | ११३९८९.८३ | ३४,१९७ |
| ३५८-०८१।३।२३ | न्यु दृष्टी सप्लायर्स | २९०३८७ | ३३४०७ | १०,०२२ |
| **जम्मा** | | | | **४४,२१९** |

| असुल गर्नुपर्ने | ४४,२१९ |
|---|---|

## ५४ सम्भाव्यता अध्ययन/डि.पि.आर

सार्वजनिक खरिद ऐन 2063 को नियम 8.9 मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यक्ताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा यो वर्ष वडा कार्यालय भवन वडा नं ५ को डिपिआर वापत रु २,७४,५९० भुक्तानी दिएको छ । उक्त आयोजना एव कार्यक्रमको लागि वजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा समेत कार्यक्रमले ध्यान पुर्‍याएको छैन। प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्याउनु पर्दछ ।

## ५५ परामर्श सेवा खर्च

आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४, उपनियम(२)मा सरकारी खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्ने व्यवस्था रहेकोमा पालिकाले गो.भौ.नं २१३ मिति २०८०-०९-२४ मा सेवा परामर्श वापतको भुक्तानी गर्दा सम्झौता बमोजिम आ.व. २०७३।७४ देखी आ.व. २०७९।८० सम्मको बेरुजु लागतको तयार गरी बेरुजु सम्परीक्षणलाई विवरण पेश गर्ने भनि कार्यापालिकाको निर्णय बमोजिम रु. ५०,००० भुक्तानी दिएको देखिन्छ। पालिकाको आफ्नो जनशक्तिद्वारा नै नियमित रुपमा सम्पादन गर्नुपर्ने कार्यलाई सेवा परामर्शबाट गराई पालिकाको आफ्नै अभिलेखमा रहेको सूचनाहरुको आधारमा विवरण तयार गर्ने कार्य औचित्यता तथा लागत प्रतिफलको हिसाबले मितव्ययी नदेखिएको तथा खर्चको प्रर्याप्ताको आधार र प्रमाण बेगरको खर्च अनियमित देखिएको

| अनियमित भएको | ५०,००० |
|---|---|

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : रिब्दिकोट गाउँपालिका, पाल्पा , रिब्दीकोट गाउँपालिका , पाल्पा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | मणि प्रसाद खनाल | २०८०-११-१ | २०८१-१-१२ |
| कार्यालय प्रमुख | Madan Aryal | २०८०-४-१ | २०८०-११-२९ |
| कार्यालय प्रमुख | मणि प्रसाद खनाल | २०८१-९-५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | टिकाराम बस्याल | २०८०-४-१ | २०८१-२-१५ |
| लेखा प्रमुख | तेजेन्द्र लम्साल | २०८१-२-१६ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३१२,७०५ | ५,४८४,९६३ | ४९४,९१८ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ६,२९२,५८६ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ६,२९२,५८६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ८८८०१९४०.९८ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३२६९५२९६३.५ | चालु खर्च | ३२५२४८७१६.६१ |
| प्रदेश सरकारबाट अनुदान | १८७८८४४८ | पूँजीगत खर्च | १२२६१५६६३.२३ |
| राजश्व बाँडफाँट | ७८१५४१२९.१४ | वित्तीय/अन्य व्यवस्था | ११९३७८७७३.७६ |
| आन्तरिक आय | ९२१४३३६.५१ | | |
| अन्य आय | १२३७९११९१.४६ | | |
| कुल आय | ५५६९०१०६८.६१ | कुल खर्च | ५६७२४३१५३.६० |
| बाँकी मौज्दात | | ७८४५९८५५.९९ | |

## अनुसूची - २

## बेरूजु दफा ४७ सँग सम्बन्धित विवरण - अनुसूची - ३

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा स्थानीय तहले कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।